# श्री पृथ्वी आधारभूत विद्यालय

जन्तेढुङ्गा- ६, बाँदल खोटाङ

स्था : २०२७

पत्र संख्या :- ०८३/०८४
चलानी नम्बर :- 09

मिति : २०८३/०४/२५

श्री सम्बन्धित सबै ।

**विषय : शिक्षक सरुवाका लागि दरखास्त आह्वान सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस विद्यालयमा प्राथमिक तह, तृतीय श्रेणीको १ (एक) शिक्षक दरबन्दी रिक्त रहेको हुँदा शिक्षा नियमावली, २०५९ (दशौं संशोधन) मा भएको सरुवा सम्बन्धी व्यवस्था बमोजिम उक्त दरबन्दी शिक्षक सरुवा मार्फत पूर्ति गर्नुपर्ने भएकाले प्राथमिक तह, तृतीय श्रेणीको स्थायी दरबन्दीमा कार्यरत तथा सरुवाका लागि योग्य र इच्छुक शिक्षकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयभित्र सरुवा सहमतिका लागि दरखास्त आह्वान गरिएको छ ।

**<u>पेश गर्नुपर्ने कागजातहरू</u>**

१. सरुवाका लागि निवेदन ।
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
३. सेवा अवधि खुलेको सम्बन्धित कागजात ।
४. स्थायी नियुक्तिपत्रको प्रमाणित प्रतिलिपि ।
५. शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि ।
६. हाल कार्यरत विद्यालय तथा स्थानीय तहमा हालको पदमा सुरु हाजिरी भएको कागजात ।
७. असाधारण तथा बेतलबी बिदा लिएको/नलिएको सम्बन्धी कागजात ।
८. हाल कार्यरत विद्यालयको सहमति पत्र ।
९. सम्बन्धित स्थानीय तहको सहमति पत्र ।
१०. शिक्षा नियमावली बमोजिम प्राथमिकता दाबी गर्ने प्रमाण तथा कागजात (आवश्यक भएमा) ।
११. शिक्षा नियमावली, २०५९ को अनुसूची-१७ बमोजिमको फाराम ।

उक्त अवधिभित्र प्राप्त निवेदनहरू शिक्षा नियमावली, २०५९ (दशौं संशोधन) तथा प्रचलित कानून बमोजिम मूल्याङ्कन गरी आवश्यक प्रक्रिया अगाडि बढाइने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । आवश्यक कागजात विद्यालयको ईमेल ठेगाना (prithvibasicschool@gmail.com) मा पठाउनु हुन अनुरोध छ । म्याद नाघि आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

**<u>बोधार्थ</u>**

१. शिक्षा विकास तथा समन्वय इकाइ, खोटाङ - जानकारी तथा आवश्यक प्रकाशनका लागि ।
२. शिक्षा, युवा तथा खेलकुद शाखा, जन्तेढुङ्गा गाउँपालिका, खोटाङ - जानकारी तथा आवश्यक प्रकाशनका लागि ।
३. जन्तेढुङ्गा गाउँपालिका-६ नं. वडा कार्यालय, दिप्लुङ, खोटाङ - जानकारीका लागि ।

.............................
राजन राई
प्रधानाध्यापक
सम्पर्क नं. : ९८६२०६२७०६
वि.व्य.स. : ९७४२५७४५८१